# 7. अपाङ्गता भएका व्यक्तिहरूको लागि （障害のある人に）

## 【अपाङ्गता व्यक्तिहरूको कल्याणकारी सेवाहरूको प्रयोग】 （障害福祉サービスの利用）

यो शारीरिक अपाङ्गता वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न सक्छन्। कृपया क्षेत्रीय कल्याण शाखा (चिइकी फुकुसि-खा) मा परामर्श गर्नुहोस्।

मानसिक अपाङ्गता आदि भएका व्यक्तिहरूले स्वास्थ्य केन्द्रमा परामर्श गर्नुहोस्।

・नोटबुकको (तेच्यो)जारी

・भत्ताको लाभ

・अपाङ्गता कल्याणकारी सेवाको लागि आवेदन

・प्रत्येक कल्याणकारी प्रणालीको रिसेप्शन・परामर्श

सोधपुछ <u>कुयाकुस्यो चिइकी फुकुसि-खा・स्वास्थ्य केन्द्र (16, 17पेज)</u>

## 【अपाङ्गता व्यक्तिहरूको लागि केन्द्रित परामर्श समर्थन केन्द्र】 （障害者基幹相談支援センター）

अपाङ्गता भएका व्यक्तिहरू वा उनीहरूको परिवार आदिले परामर्श गर्न सक्नुहुन्छ। आफ्नो क्षेत्रमा ढुक्क भएर जीवन बिताउन सकोस् भनी, केन्द्रले अन्य विशेषज्ञहरूसँग सहकार्य गरी समर्थन प्रदान ग

तपाई बस्नुहुने वडा अनुसार परामर्श गर्न सकिने केन्द्रहरू छुट्टाछुट्टै छन्। वडा कार्यालयमा भएको अपाङ्गता व्यक्तिहरूको लागि केन्द्रित परामर्श समर्थन केन्द्रमा सोधपुछ गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| सोधपुछ | साकाइ-कु | ☎072-224-8166 | फ्याक्स 072-224-4400 |
| | नाका-कु | ☎072-278-8166 | फ्याक्स 072-278-4400 |
| | हिगासी-कु | ☎072-285-6666 | फ्याक्स 072-287-6767 |
| | निसी-कु | ☎072-271-6677 | फ्याक्स 072-274-7700 |
| | मिनामी-कु | ☎072-295-8166 | फ्याक्स 072-298-0044 |
| | किता-कु | ☎072-251-8166 | फ्याक्स 072-250-8800 |
| | मिहारा-कु | ☎072-361-1883 | फ्याक्स 072-361-4444 |

## 【गम्भीर अपाङ्गता चिकित्सा खर्च अनुदान प्रणाली】（重度障害者医療費助成制度）

गम्भीर अपाङ्गता भएका व्यक्तिहरूको लागि चिकित्सा खर्चको केहि अंश अनुदान दिइन्छ ।（आम्दानीको हदबन्दी छ । स्वास्थ्य बिमा लागु हुने चिकित्सा खर्च मात्रै ）यद्यपि, जीबन संरक्षण सहायता（सेइखाचु होगो）प्राप्त गरिरहेका व्यक्तिहरूले अनुदान प्राप्त गर्न बाट बन्चित हुन सक्नेछन।

सोधपुछ <u>कुयाकुस्यो होकेन नेन्किन-खा (पेज 16, 17 )</u>